आज मिति २०८३ साल श्रावण ०४ गते सोमबारका दिन यस देवानगञ्ज गाउँपालिकाका अध्यक्ष श्री बेचन प्रसाद मेहताज्यूको अध्यक्षतामा बसेको आ.व. २०८३/०८४ को पहिलो कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिम निर्णय गरियो ।

<u>उपस्थिति</u> :

श्री बेचन प्रसाद मेहता – अध्यक्ष –

श्री कुमारी विभा यादव – उपाध्यक्ष –

श्री ओम प्रकाश मेहता – का.वा. वडा अध्यक्ष, वडा नं.१ –

श्री जग नारायण मेहता – वडा अध्यक्ष, वडा नं.२ –

श्री अनिल कुमार भगत – वडा अध्यक्ष, वडा नं.३ –

श्री सुशिल मेहता – वडा अध्यक्ष, वडा नं.४ –

श्री मनोज कुमार मण्डल – वडा अध्यक्ष, वडा नं.५ –

श्री हरिनन्दन मेहता – वडा अध्यक्ष, वडा नं.६ –

श्री सुर्य नारायण यादव – वडा अध्यक्ष, वडा नं.७ –

श्री रुणा देवी दास – कार्यपालिका सदस्य –

श्री उषा देवी यादव – कार्यपालिका सदस्य –

श्री सुनिता देवी यादव – कार्यपालिका सदस्य –

श्री सम्तुलिया देवी बाँतर – कार्यपालिका सदस्य –

श्री मनोज कुमार भगत – कार्यपालिका सदस्य –

श्री किशोर कुमार पाल – कार्यपालिका सदस्य –

श्री महेश कुमार ठाकुर – सचिव –

<u>आमन्त्रित</u> :

श्री डिल्ली प्रसाद पोखरेल – प्रशासकीय अधिकृत –

श्री बिन्देश्वर यादव – लेखा अधिकृत –

श्री वाल कुमार श्रेष्ठ – कम्प्युटर अधिकृत –

**प्रस्तावहरु :**

१) समिक्षा सम्बन्धमा ।

२) निकासी तथा नापतौलको ठेक्का सम्बन्धमा ।

३) योजनाहरुको म्याद थप सम्बन्धमा ।

४) तरकारी बाली पकेट सञ्चालन तथा खरिद भएको कृषि उपकरण (अर्थ अगर, डब्बल मोटर स्प्रे) वितरण सम्बन्धमा ।

५) लिखित जवाफ माग गर्ने सम्बन्धमा ।

६) आ.व. २०८२/०८३ को कार्य सम्पन्न भई भुक्तानी हुन बाँकी रहेको सम्बन्धमा ।

७) आ.व.२०८२/०८३ को खर्च सार्वजनिक गर्ने सम्बन्धमा ।

**निर्णयहरु :**

१) प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व.२०८२/०८३ का कार्यपालिका बैठकको निर्णयहरु सम्बन्धमा समिक्षा गर्दा संतोषजनक रुपमा कार्यान्वयन भएको व्यहोरा सर्वसम्मत निर्णय गरियो ।

२) प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकाको मिति २०८३/०२/२१ गतेको कार्यपालिका बैठकको निर्णयानुसार आ.व.२०८३/०८४ को ठेक्का नं.०१/२०८२/०८३ दैनिक व्यापार तथा कृषिजन्य निकासी कर न्यूनतम ठेक्का अंक रु.१०,८१,६००/- र ठेक्का नं.०२/२०८२/०८३ देवानगञ्ज बजार (थोक बजार) नापतौल/काँटा कर देवानगञ्ज-२ रु.५,५१,३००/- प्रथम पटक प्रकाशित मिति २०८३/०३/१२, दोस्रो पटक प्रकाशित मिति २०८३/०३/२२, तेस्रो पटक प्रकाशित मिति २०८३/०३/२९ गते गरी जम्मा ३ पटक सूचना प्रकाशन हुँदा सो सूचना बमोजिम कुनै पनि निवेदन प्राप्त नभएकोले मिति २०८३ साल असार ३१ गते बुधवारका दिन बसेको राजश्व परामर्श समितिको बैठकको निर्णयानुसार आ.व. २०८३/०८४ को लागि ठेक्का सम्बन्धमा कार्यपालिका छलफल गर्ने भनि पेश भएकोले कार्यपालिकाको छलफलमा कसानगञ्ज छोटी भन्सार हटाइएको हुँदा कृषिजन्य निकासीमा प्रभाव परेकोले ठेक्का नं.०१/२०८२/०८३ दैनिक व्यापार तथा कृषिजन्य निकासी कर र ठेक्का नं.०२/२०८२/०८३ देवानगञ्ज बजार (थोक बजार) नापतौल/काँटा कर देवानगञ्ज-२ दुवै ठेक्कामा न्यूनतम ठेक्का अंकको ३० प्रतिशत घटाई पुनः ३ (तीन) दिनको लागि ठेक्का बोलपत्र आव्हानको सूचना गर्ने सर्वसम्मत निर्णय गरियो ।

३) प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिकाको विभिन्न आ.व.मा तपसिलमा उल्लेखित स्वीकृत भई सम्झौता भएका योजनाहरु विभिन्न कारणले गर्दा समयमा सम्पन्न हुन नसकेको भनि सम्बन्धित फर्मबाट यस कार्यालयमा निवेदन तथा आवश्यक कागजातहरु प्राप्त भएको हुँदा तपसिलका योजनाहरु मिति २०८३ साल पुस मसान्त सम्म म्याद थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :

| क्र.सं | योजनाको नाम | ठेक्का नं. | कैफियत |
|---|---|---|---|
| १ | Wada no-1 ma shree janta ma.bi. construction works. Dewangunj-1. | DRM/BUILDINGS/C/NCB/08/079/080 | |
| २ | Upgrading road with asphalt works umesh bhagat house pachausimar school way road dewangunj-3. | DRM/ROADS/C/NCB/03/079/080 | |
| ३ | Upgrading road with asphalt works at wada office east hakpara dewangunj -7 way Road . | DRM/ROADS/C/NCB/05/079/080 | |
| ४ | Health care center first floor building constructions works dewangunj-7. | DRM/BUILDINGS/C/NCB/06/079/080 | |
| ५ | Upgrading road with Earth and gravel at sahakari pokhari west main road way dewangunj-7. | DRM/ROADS/C/NCB/09/079/080 | |
| ६ | Upgrading Road With Black Top (Asphalt Work) Dewanganj-06 (Sarsawati school wada No-04) toward North wada No-06 Bargachhi Jirguwa Way Road) | DRM/ROADS/C/NCB/01/081/082 | |
| ७ | Ganesh PS North Ayub House Dewanganj-7 Way Roads (Works Sector Hakapara South Sardar tol) | DRM/ROADS/C/NCB/08/079/080 | |
| ८ | 10 Bed primary Hospital Building works | (DRM/BUILDINGS/C/NCB/07/077/078) | |
| ९ | School building constructions works at Nabdurga Aa.bi dewangunj-7. | DRM/BUILDINGS/C/NCB/03/079/080 | |

४) प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिकाबाट विभिन्न मितिमा प्रस्ताव पेश गर्न सूचना प्रकाशन बमोजिम प्राप्त भएको प्रस्ताव मध्येबाट तरकारी बालीको नयाँ पकेट कार्यक्रम कार्यन्वयन सहजिकरण प्राविधिक समितिको मिति २०८३/०३/०५ गतेको बैठकको निर्णय बमोजिम श्री आर्य कृषि सहकारी संस्था लि., देवानगञ्ज-४, सुनसरी छनौट भए अनुसार मिति २०८३/०३/१६ गतेको कृषकहरुको ५० प्रतिशत लागत सहभागिता सहित संस्था कार्यक्रम सम्झौता गर्न आहावनको सूचना प्रकाशन भए अनुसार सम्झौता नगर्न प्राप्त निवेदन पत्रानुसार सो संस्थासँग सम्झौता नभएको हुँदा यस देवानगञ्ज गाउँपालिका भित्र रहेको व्यावासायीक कृषक, कृषि फर्म, कृषि सहकारी संस्थाहरुलाई आवश्यक्ता भै निवेदन पेश भएको निवेदनहरुलाई अर्थ अगर र डब्बल मोटर स्प्रे वितरण गर्ने सर्वसम्मत निर्णय गरियो ।

५) प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिकाबाट बजेट विनियोजन भई स्वीकृत पुर्वाधारका योजनाहरु सम्झौता अनुसार २०८३ साल असार मसान्त सम्म पनि कार्य सम्पन्न नगरेका निर्माण व्यवसायी कम्पनी/फर्महरुलाई ७ (सात) दिन भित्र कार्य सम्पन्न हुन नसकेको कारण सहित लिखित जवाफ माग गर्ने सर्वसम्मत निर्णय गरियो ।

६) प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत बजेट बमोजिम कार्य सम्पन्न भई भुक्तानी दिन बाँकीको खाता तथा कच्चाबारी म.ले.प. फारम नं.२२१ बमोजिम आ.व. २०८३/०८४ मा भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो ।

७) प्रस्ताव नं. ७ माथि छलफल गर्दा आ.व.२०८२/०८३ को यस देवानगञ्ज गाउँपालिकाको स्वीकृत बजेटको खर्चको प्रगति तपसिल बमोजिम रहेको सर्वसम्मत निर्णय गरियो ।

तपसिल :

| सि.नं. | आ.व. २०८२/०८३ को खर्चको प्रकार | आ.व. २०८२/०८३ को स्वीकृत बजेट रकम रु. | खर्च रु. | खर्चको प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | चालु | ३४२३४३९८०.०० | २८५३९९६२४.५२ | ८३.३६ | |
| २ | पुँजिगत | २३४१२३०००.०० | १५०९८५५२२.५० | ६४.४८ | |
| | जम्मा रु. | ५७६४६६९८०.०० | ४३६३८५१४७.०२ | ७५.६९ | |